# मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च (फोरिड)
## FOHRID, Human Rights and Democratic Forum
१९६/१४, राधेमार्ग, डिल्लीबजार, काठमाडौं
पो.ब.नं. १९१८६
फोन : +९७७ १ ४४ २३ १२५, फ्याक्स : +९७७ १ ४४ ३८ ८१२
ई-मेल : fohrid@wlink.com.np
वेवसाईट : www.fohrid.org.np

## सामाजिक विश्लेषण, परिचालन र जीविकोपार्जन, अवसर, विकास, सचेतीकरण, तालिमको प्रतिवेदन
## (Report of CPN training on social analysis, mobilization, opportunity, development and right to livelihood)

१) परिचय

ग्रामीण स्वाबलम्बन बिकास केन्द्र (RSDC), मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च (FOHRID) र नेपाल दक्षिण एसिया केन्द्र (NESAC) संयुक्त पहलमा गठन भएको समुदाय संरक्षण सञ्जालका कार्यक्रमहरु यस क्षेत्रको लागि नौलो अवधारणा सहित सञ्चालनमा आईरहेको छ । यसै सिलसिलामा हाल यस कार्यक्रमले अधिकारमुखि विकासका सवालहरुमा सशक्तीकरणको प्रक्रियालाई प्रमुख माध्यमको रुपमा अपनाई अधिकार तथा दिगो जीविकोपार्जनको लागि अपनाउनु पर्ने प्रक्रियालाई सहजीकरण गर्न विशेष जोड दिदै आएको छ। जोखिमपूर्ण अवस्थामा रहेका समुदायलाई विभिन्न अवशरहरुको पहिचान गर्न सहयोग गरि श्रोत र साधन माथि प्रत्यक्ष पहुँच बढाउन मिति २०६२/२/६, १३ र १४ गते बाके जिल्लाका ३ वटा गाविसमा गठन भएका ७ वटा र मिति २०६२/२/१६, १७ र १८ गते रुपन्देही जिल्लाका ५ वटा गाविसमा गठन भएका ५ वटा समुदाय संरक्षण संजालमा आबद्ध सदस्यहरुको लागि एक दिने सामाजिक विश्लेषण, परिचालन र जिविकोपार्जन अवसर विकास सचेतिकरण सम्वन्धि बाँके र रुपन्देही जिल्लाका विभिन्न स्थानहरुमा गरि ६ वटा तालिम सम्पन्न गरिएको छ।

१.१ यस तालिमको उद्देश्यहरु

१. दिगो जिवीकाको अवधारणाको बारेमा जानकारी गराउने ।
२. दिगो जिवीकोपाजर्नको पक्रिया र अधिकारको बारेमा अनुभव आदान प्रदान गर्ने ।
३. जोखिमपूर्ण समुहको जिविकोपार्जनका अवसर बाधा कमजोरी र सबलपक्षको पहिचान गरी कमजोरी घटाउने उपाय बारे बिश्लेषण गर्ने ।

१.२ सहभागीहरु बीच परिचय

प्रशिक्षकवाट सहभागीहरु बीच एक अर्कामा खुलस्तसंग परिचित हुनको लागि आफनो नाम, ठेगाना, तथा संरक्षण सञ्जालका हालका गतिविधिवारे जानकारी गर्न लगाईयो । यस प्रकारको परिचय गर्ने पद्धतिले सहभागीहरु बिच एक अर्काका गतिविधि थाहा पाउन तथा घुलमिल हुन अरु मदत्त पुग्न गएको महशुश गरियो ।

१.३ मनन तथा महान विचार प्रस्तुति

सहभागीहरुसंग विभिन्न कृयाकलापहरु सम्पन्न गरे पश्चात अर्को चरणमा तालिमसंग सान्दर्भिक हुने किसिमको मनन योग्य केहि महान विचारहरुलाई सम्पुर्ण तालिमहरुमा प्रस्तुत गरि यसका विविध पक्षहरुका बारेमा छलफल गर्दै जिवनमा यसलाई आफनो आदर्शको रुपमा अवलम्वन गर्न सके सफल ब्यक्तित्व विकासमा सहयोगि हुन सक्ने तथ्यलाई जोड दिईयो । यस पश्चात यही विधि अपनाएर सम्पुर्ण स्थानहरुमा तालिमको विषयवस्तुहरुको विधिवत रुपमा सुभारम्भ गरियो ।

## २. पारिवारिक आय व्यय विश्लेषण

यस शेसनमा जिविकोपार्जनको विश्लेषण गर्ने सन्दर्भमा सर्वप्रथम आम्दानी र खर्चका शिर्षकहरुवारे विश्लेषण गरियो । जसमा उत्पादनमूलक तथा अनुत्पादनमूलक शिर्षकहरुमा कसरी खर्च हुने गर्दछ भन्ने वारे विभिन्न चित्रहरु प्रस्तुत गर्दै अर्न्तक्रिया गरियो । हामी गरिब हुनुको कारण आम्दानी भन्दा बढी अनावश्यक खर्च गरेर नै आर्थिक दृष्टिकोणले गरिव भएका रहेछौ र आर्थिक गरिवीले नै अन्य गरिवीमा सधाउ पुरयाउदो रहेछ भन्ने कुरा निश्कर्षको रुपमा निकाल्न खोजियो । समग्रमा जिविकोपार्जनको लागि आम्दानी गरेर मात्र नहुने रहेछ र त्यसलाई सही ढंगवाट खर्च गरि अधिकतम रुपमा आर्थिक तथा सामाजिक हैसियत उकास्नमा ध्यान दिनु पर्ने रहेछ भन्ने यस शेसनको मूल सन्देश रहयो । उदाहरणको लागि रुपन्देहीमा सञ्चालित तालिममा विश्लेषण गरिएको आय व्यय प्रस्तुत गरिएको छ ।

पारिवारिक आय व्यय बिश्लेषण (माभ्रुगाँउ, रुपन्देही)

| क.स. | आम्दानीका श्रोतहरु | रकम रु | क.स. | खर्चका शिर्षकहरु | रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | खेतीपाती | | १ | खाना | २६८००/ | |
| | धान | ३६०००/ | २ | पढाई | ८०००/ | |
| | गहु | १२०००/ | ३ | औषधी | २५००/ | |
| | मुसुरो | ३०००/ | ४ | कपडा | ९०००/ | |
| | तोरी | ३०००/ | ५ | नुन,सरफ,साबुन,मसला | १२००/ | |
| | आलस | १२००/ | ६ | चार्ड | ६०००/ | |
| | आलु | २०००/ | ७ | सुर्ती | २६०/ | |
| | प्याज | १६००/ | ८ | कृषि कार्य | १००००/ | |
| | तरकारी | ७००/ | ९ | अन्य | ३६००/ | |
| २ | पशुपालन | १०००/ | | | | |
| | जम्मा | ६०५००/ | | | ६७३६०/ | |

पारिवारिक आय व्यय बिश्लेषण (बेतकुइयाँ, रुपन्देही)

| क.स. | आम्दानीका श्रोतहरु | रकम रु | क.स. | खर्चका शिर्षकहरु | रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | खेतीपाती | | १ | खाना | १०२००/ | |
| | धान | १२६००/ | २ | पढाई | ६००/ | |
| | गहु | ३२००/ | ३ | औषधी | २५००/ | |
| | मुसुरो | १०००/ | ४ | कपडा | ४०००/ | |
| | तोरी | ६००/ | ५ | तरकारी,मसला | ६०००/ | |
| | बदाम | ३०००/ | ६ | चार्ड पर्व निम्ता | ५०००/ | |
| | आलु | ५००/ | ७ | सुर्ती | २५०/ | |
| | | | ८ | कृषि कार्य | २०००/ | |
| २ | ज्याला मजदुरी | १०००/ | ९ | अन्य | २०००/ | |
| | | | | साबुन सलाई नुन | ६००/ | |
| | जम्मा | २१९००/ | | | ३३१५०/ | |

यस विश्लेषण पश्चात यसै विषयसंग अन्तर सम्वन्ध रहेको गरिवीको वारेमा विषय अगाडी बढाईयो। जसमा गरिवी के हो ? गरिवी किन र गरिवीको प्रकारवारे सहजीकरण गर्न मदत्त गरियो । जसमा :-

## २.१ गरिबी के हो ?

मष्तिस्क मन्थन पश्चात सहभागीहरुले गरिवीसंग सम्वन्धित बिभिन्न अनुभवका कुराहरु ल्याए पछि सहजकर्ताको तर्फबाट गरिवीको परिभाषावारे अनुभव आदान प्रदान गरियो। फलस्वरुप सहभागीहरुले गरिबी भनेको पैसाको अभाव मात्र होईन रहेछ भन्ने कुरा बुझाईमा एकरुपता ल्याए ।

## २.२ गरिबी किन ?

गरिबी किन भनेर सोधिएको प्रस्नमा सहभागीहरुले आफुले प्रत्यक्ष रुपमा भोगेका तथा देखेका अनुभवहरु क्रमश प्रस्तुत गरे । जसमा स्पष्ट रुपमा मुख्य तथ्यहरु छलफलमा आए पछी छुटेको कुराहरुलाई समावेश गरि बिश्लेषण गर्ने काम गरियो । यो विश्लेषणले गरिवी भनेको आफ्नो कमजोरी तथा राज्यबाट श्रोत साधनको असमान बितरणको कारण भएको कुरा महशुस गराउन मदत्त गरिएको थियो ।

## २.३ गरिबीका प्रकारहरु

माथिका विषयहरुको छलफल पश्चात सदस्यहरुसंग वास्तविक गरिबीका प्रकारहरुको बारेमा छलफल गरियो । जसमा गरिवीका ३ प्रकारका आयामहरु मानवीय, आर्थिक, संरचनात्मक गरिवी रहेको कुरा मेटकार्डबाट प्रष्ट पार्ने काम भयो त्यसबाट ति तीन प्रकारका गरिवीले समाजमा पर्ने असर वा कहाा कुन प्रकारको गरिबी छ भन्ने वारे विभिन्न सुचकहरुको माध्यमबाट थाहा पाउन सकिने कुराको बारेमा प्रष्ट पारिएको थियो जसले दिगो जिविकाको बारेमा बिषय प्रबेश गर्न मार्ग प्रसस्त गरेको थियो ।

# ३. दिगो जीविकोपार्जनको अवधारणा

तालिमको दोश्रो शेसनको रुपमा दिगो जिविकोपार्जनका अवधारणालाई प्रस्तुत गरियो । जसमा दिगोजिविकोपार्जन भनेकै के हो, यसका तत्व तथा यसका आधारभुत आवश्यकतावारे छलफल गरियो ।

## ३.१ दिगो जीविकाको अर्थ

दिगोजिबिका भनेको के हो भनेर सामान्य छलफल पश्चात न्युजप्रिन्टमा तयार पारिएको दिगो जिबिकाको परिभाषावारे छलफल गर्दै समग्रमा दिगो जिबिका भनेको माथि उल्लेखित तीन प्रकारका गरिवीबाट मुक्त हुनु हो भन्ने कुरा प्रष्ट पार्ने काम भयो ।

## ३.२ दिगो जीविकोपार्जनका तत्वहरु

दिगो जिविकोपार्जको अर्थवारे प्रष्ट रुपमा छलफल गरे पश्चात यसको लागि आवश्यक तत्वहरुवारे अनुभवको आधारमा छलफल गरियो । यसरी आएका विषयबस्तुहरुलाई सरलीकरण गर्दै यसका आवश्यक तत्ववारे प्रस्तुति तथा सहजीकरण गरि सारांश निकाल्ने प्रयास गरियो ।

## ३.३ दिगो जीविकोपार्जन उपलब्ध गर्ने तत्वहरु

बिशेष गरेर के कुरा भयो भने दिगो जिविकोपार्जन हुन सक्दछ भन्ने बारेमा मेटाकार्डमा तयार गरिएका चारवटा बिषयबस्तु प्रस्तुत गरी त्यसको अर्न्तक्रया गरिएको थियो ।

## ३.४ दिगो जीविकाको आधारहरु

दिगो जिविकाको आधारहरु भन्नाले के बुझ्नु हुन्छ भनी सहभागिको मष्तिस्क मन्थन गराए पश्चात सहभागिहरुबाट आएका कुराहरु र सहजकर्तासंग भएका कुराहरुको मेल गराई निश्कर्ष निकाल्ने प्रयास गरियो ।

### ३.५ दिगो जीविकोपार्जनका न्यूनतम आधारभुत आवश्यकता

दिगो जिविकोपार्जनको लागि आभारभुत आवश्यताको रुपमा गास बास कपास शिक्षा स्वास्थ्य सुरक्षा आत्म सम्मान तथा राज्य संयन्त्रमा पहाचको कुरालाई जोड दिदै म्यानुअलमा भएका बुँदाहरुलाई मेटाकार्डमा प्रस्तुत गरी अनुभव आदान प्रदान गरिएको थियो ।

## ४. दिगो जीविकाको अधिकार

तालिमको चौथो शेसनको रुपमा दिगो जिविकाको आधारका विविध पक्षवारे छलफल गरियो । यस शेसनको मूल उद्धेश्य भनेको दिगो जिविकोपार्जनको विविध पक्षसंगै अधिकारमुखि दिगो जिविकोपार्जनका वारेमा विस्तृत रुपमा छलफल गरियो ।

### ४.१ सामाजिक, आर्थिक र सांस्कृतिक अधिकार

सामाजिक, आर्थिक र साास्कृतिक अधिकारलाई सामाजिक तथा राजनैतिक सहभागिताको अधिकार प्रर्बधन प्रशिक्षण छलफल भई सकेकोले पुनरावलोकनको लागि मात्र छोटो छलफल पश्चात विषयवस्तुलाई विट् मार्ने काम गरियो ।

### ४.२ दिगो जीविकाको लागि उत्कृष्ठ जीवन पद्धतिमा पहुँचको अधिकार

दिगो जीबिकाको लागि उत्कृष्ठ जीवन पद्धतीमा पहुँचको अधिकार बिषयमा नेपाल मानव विकास प्रतिबेदनमा अंकित तथ्याङ्कलाई बिभिन्न क्षेत्रमा लक्षित समुदायको पहाचकहाा छ भनि तुलनात्मक बिश्लेषण गरिएको थियो जसबाट आफु यसरी छेउ लाग्नुमा राज्यका श्रोत साधन र नैर्सगिक अधिकार माथि पहाच नपुगेर रहेछ भन्ने कुरा सहभागीहरुले महशुश गरे ।

- शिक्षामा पहाच

प्राविमा भर्ना भएका बालबालिकाको संख्या प्रतिशतमा

| क.स. | क्षेत्र | केटा | केटी | जम्मा |
|---|---|---|---|---|
| १ | शहरी | ७४ प्रतिशत | ६४.१ प्रतिशत | ६९. २ प्रतिशत |
| २ | ग्रामीण | ७०.८ प्रतिशत | ५९.६ प्रतिशत | ६५.४ प्रतिशत |
| ३ | नेपाल | ७१.१ प्रतिशत | ६० प्रतिशत | ६५.८ प्रतिशत |

*श्रोत, केन्द्रीय तथ्याङ्क बिभाग*

- ऋणमा पहुँच

ग्रामीण क्षेत्रमा शुलभ ऋणको पहुच छैन जसको कारणले उद्यमशिल मानिस पनि श्रोत साधनको अभावले व्यवसाय गर्नबाट बञ्चित भएका छन् बैक तथा बित्तिय संस्थाहरु शहरमा केन्द्रित भई सिमित व्यक्तिलाई मात्र सेवा पुऱ्याई रहेका छन् ।

- राजनितिमा पहुँच (निर्णय प्रकृयामा पहुँच)

| क. स | जात जाति | जनसंख्या अनुपात | प्रतिनिधि सभामा प्रतिनिधित्व | कैफियत |
|---|---|---|---|---|
| १ | ब्राहमण | १७ प्रतिशत | ४५ प्रतिशत | |
| २ | क्षत्री | १७ प्रतिशत | २० प्रतिशत | |
| ३ | नेवार | ६ प्रतिशत | ६ प्रतिशत | |
| ४ | मुस्लिम | ४ प्रतिशत | २ प्रतिशत | |
| ५ | मगर, गुरुङ,राई, लिम्बु | १८ प्रतिशत | १२ प्रतिशत | |
| ६ | राजवशी यादव, अहिर | ११ प्रतिशत | १० प्रतिशत | |

| | | | | |
|---|---|---|---|---|
| ७ | दलित | २० प्रतिशत | ० प्रतिशत | |
| ८ | अन्य | ७ प्रतिशत | ५ प्रतिशत | |

*श्रोत, निर्वाचन आयोग १९९४*

- प्राकृतिक सम्पदामाथि स्वामित्व, उपभोग र तिनको बिकासमा पहुाच

  प्राकृतिक श्रोत साधन बनजंगल खोलानालामा वास्तवमा स्थानिय समुदायको पहुाच नियन्त्रण र बिकास गर्न पाउनु पर्नेमा सामुदायिक बनमा बेलाबेलामा जनताको अहित हुने निर्णय र
  खोलानालाबाट प्राप्त श्रोतमा पनि स्थानिय समुदायको संलग्नता बिना जिबिस तथा ठेकेदारलाई जिम्मा लगाईएको अवस्था छ।

- भूमीमाथि पहुँच

  कुल उत्पदनशिल भूमिको ८० प्रतिशत स्वामित्व २० प्रतिशत मान्छेहरु संग छ जसले खेती गर्दैनन् ८० प्रतिशत मान्छे जसको मुख्य पेसा कृषि हो उनीहरु संग जम्मा २० प्रतिशत छ त्यो पनि अब्बल छैन।

- प्राथमिक स्वास्थ्य सेवामा पहुँच

* नेपालीहरुको औषत आयु ५९.५ वर्ष

* जन्मेको एक वर्ष भित्र मर्नेको संख्या ७७.२ जना प्रतिहजारमा

* ५ बर्ष मुनिका बच्चाको मृत्यु १०८ जना प्रतिहजारमा

* गर्भवती महिलाको मृत्यु ८३३ जना प्रतिलाखमा

*श्रोत, राष्ट्रिय योजना आयोग*

५. दिगो जीविकाको अवशर, बाधा, कमजोरी, सबलपक्ष पहिचान र विश्लेषण

यस एक दिने तालिमको अन्तिम विषयबस्तुको रुपमा दिगो जिविकोपार्जनको लागि स्थानीय परिवेशमा अवाकस विश्लेषणका विधिहरु उपयोग गरि सहजीकरण गरियो। जसमा अवसरहरु के के हुन सक्छन् र यसलाई कसरी बढाउन सकिन्छ। बाधाहरु के के आईलाग्लान र त्यसलाई कसरी कम गर्न सकिन्छ। हामी संग भएका खुबीहरु के के हुन र यसलाई कसरी उपयोग गर्न सकिन्छ। हाम्रा कमजोरीहरु के के होलान र त्यसलाई कसरी हटाउन सकिन्छ जस्ता विषयहरुलाई औजारको रुपमा उपयोग गर्नको लागि सहभागीहरुलाई उत्प्रेरणा जगाउन मदत्त गरियो। हामी संग भएको कमजोरी हटाई खुवीको अधिकतम परिचालन गरियो भने र अवसरहरु को पहिचान गरी प्राप्त गर्न कोशिष गरेको खण्डमा सही अर्थमा दिगो जिविकोपार्जन हुने हुनाले यि बिषयहरुको बारेमा हेन्सआउटमा भएका बुदाहरुलाई आधार मानि छलफल अर्न्तकिया र कार्यान्वयन तर्फ अग्रसरहुने सुझाव पेस गरिएको थियो

निश्कर्ष

वाँके र रुपन्देही जिल्लाका १२ वटा समुदाय संरक्षण सञ्जालको लागि सञ्चालन गरिएको यस तालिमले जोखिमपुर्ण अवस्थामा जीवनयापन गर्न वाध्य समुदायको लागि जिविकोपार्जनमा अधिकारको दृष्टिकोणवाट मानसिक हलचल पैदा गरेको महशुस गरिएको छ। तालिम अवधिमा सहजीकरण तथा निकालिएको सारांशलाई थप उत्प्रेरणा जगाउन सकिएको खण्डमा यस तालिमले आगामी दिनको लागि प्रभावकारी भुमिका खेल्न सक्ने देखिन्छ।

प्रतिबेदन तयारी
प्रेम बहादुर खड्का
नारायण पंगेनी